(३३२)

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४४२/२०७१/०७२

जिल्ला बाँके नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १३ बस्ने अशोक कुमार थापा ..........१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, संग्रिला डेभलभमेन्ट बैंक लिमिटेड नेपालगञ्ज ..............................१ विपक्षी
सूचना अधिकारी, संग्रिला डेभलभमेन्ट बैंक लिमिटेड नेपालगञ्ज ..............................१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

जिल्ला बाँके नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १३ बस्ने अशोक कुमार थापाले संग्रिला डेभलभमेन्ट बैंक लिमिटेड नेपालगञ्ज समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।०९ मा पुनरावेदन गरेको र यस आयोगबाट भएको आदेश कार्यान्वयनको लागि मिति २०७२।०३।१४, च.नं. १४९४ को पत्र बमोजिम संग्रिला डेभलभमेन्ट बैंक लिमिटेड नेपालगञ्जको मिति २०७२।०३।२०, च.नं.५७७, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २५ गते रोज ६ शुभम् ।